नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या :-
च.नं. ४५६

# प्रेस विज्ञप्ती

आज मिति २०७९/१०/०६ शुक्रबारका दिन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री सुदन किरातीज्यूले नेपाल नागरिक उड्डयन प्राधिकरणको प्रधान कार्यालय, बबरमहलमा प्राधिकरणका महानिर्देशक लगायत कर्मचारीहरुसँग भेट तथा विविध विषयहरुमा छलफल गर्नुभयो। सो अवसरमा प्राधिकरणको तर्फबाट प्राधिकरणको कार्यक्षेत्र, प्राधिकरणले सम्पादन गर्नुपर्ने कार्यहरु, हालसम्मका उपलब्धिहरु तथा क्रियाकलापहरु, अन्तर्राष्ट्रिय तथा आन्तरिक विमानस्थलहरुको अवस्था, हवाई सेवा र सुरक्षाका विषयमा प्रस्तुतीकरण भएको थियो।

प्राधिकरणतर्फको प्रस्तुतीकरण पश्चात माननीय मन्त्रीज्यूले हवाई सुरक्षामा अधिकतम ध्यान दिन, नागरिकलाई प्रदान गरिने सेवा प्रति प्रतिवद्ध रही गुणस्तरीय एवम् चुस्त सेवा प्रवाह गर्न, प्राधिकरणमार्फत सञ्चालित विकास निर्माणका कार्यहरु समयमै परिणाममुखी ढंगले सम्पन्न गर्न र वित्तीय तथा आर्थिक अनुशासनको पूर्णरुपमा पालना गरी आर्थिक सुशासन कायम गर्न निर्देशन दिनुभयो।

मितिः २०७९/१०/०६

(राजेन्द्र कुमार के.सी)
प्रवक्ता/सहसचिव